कार्यपालिकाको वैठक संख्या:-८२

आज मिति २०८२/०५/०२ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिंकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री विवेक खनाल | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री मिरा पौडेल | |
| १९. | का.स. | श्री राम प्रसाद अर्याल | |

~~प्रस्तावहरु~~:- आ.व. पुनाराम घिमिरे रो.सा.

प्रस्तावहरुः-

१. सरुवा सहमती प्रदान गर्ने सम्बन्धमा,

२. समपुरक तथा विषेश अनुदानका आयोजनाहरुको कार्यान्वयन सम्बन्धमा,

३. घ वर्गको निर्माण व्यवसाय दर्ता गर्ने सम्बन्धमा

४.बुटवल/काठमान्डौमा वसोवास गर्ने सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्ने सम्बन्धमा,

५. पुरानो जस्तापाता व्यवस्थापनको लागि अनुमति प्रदान सम्बन्धमा,

६. गुल्मीका सबै स्थानीय तहका उपाध्यक्ष ज्यूहरूसँग हिन्दु नारीको महान चाड हरितालिका तिजको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने बारे,

७. राष्ट्रिय रोजगार कार्यक्रमको ज्याला साझेदारीको सम्बन्धमा,

८. कार्यथलो अनुभव(इन्टर्नसिप) कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा,

९. शिक्षण सहयोग अनुदान कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा,

१०.करार सेवाका कार्यालय सहयोगीहरुको मासिक पारिश्रमिक सम्बन्धमा,

११.उद्यम विकास सहजकर्ताको छुट तलव सम्बन्धमा,

१२. अमानतमा पिस पार्कमा रहेको काउन्टरमा पल्ला राखे सम्बन्धी कामकाज गराउने सम्बन्धमा,

१३. कर्मचारीहरुलाई श्रावण भाद्र महिनाको सञ्चार खर्च भुक्तानी सम्बन्धमा,

१४. सिमलटारी दर्घाँस अर्खावाङ्ग मो.बा.को मर्मत संभार गर्ने सम्बन्धमा,

१५. कार्यालय सामग्री खरिद सम्बन्धमा,

१६. मालिका-७ घमिरमा वर्षादको कारण बिग्रेका सडकहरुको मर्मत संभार सम्बन्धमा,

१७.अघिल्लो गाउँ कार्यपालिकाको वैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

वैठकका निर्णयहरुः-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | सुनवल नगरपालिका,नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रशासन सेवा,सामान्य प्रशासन समूह,अधिकृत स्तर सातौ पदमा कार्यरत श्री गणेश प्रसाद न्यौपानेले यस कार्यालय अन्तरगत सरुवा भई आउन निवेदन दिएकोमा प्रदेश लोक सेवा आयोग बुटवल, रुपन्देहीमा प्रशासन सेवा,सामान्य प्रशासन समूह,अधिकृत स्तर सातौ पदका २ वटा स्वीकृत दरवन्दीमा पदपूर्तिको लागि माग गरिएकोमा १ जना सरुवा भई आउने भएको हुँदा पदपूर्तिको लागि लोक सेवा आयोगलाई विवरण संशोधन गरी पत्राचार गर्ने र निज गणेश प्रसाद न्यौपानेलाई सरुवाको लागि सहमती प्रदान गर्ने निर्णय गरियो। |
| २. | योजना शाखा | चालु आ.ब. २०८२/ ८३ अन्तरगत तपसिलमा उल्लेखित संघीय तथा प्रदेश समपुरक र विषेश अनुदान अन्तरगत स्वीकृत भएका आयोजनाहरुको कार्यस्थल निर्धारण सम्बन्धमा छलफल गरी निम्मानुसारका खण्डहरुमा निर्माण कार्य गर्ने |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | निर्णय गरियो।<br><br>*१) संघीय समपुरक अनुदानः-*<br>क) फूलवारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक (वडा नं.-५,६,१ र २ वडा केन्द्र जोड्ने)- रु.१,७५,००,०००/-अन्तरगत निस्ती देखि लिलिङ्ग खण्ड।<br>ख) फूलवारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडक रु.२०००००००/- अन्तरगत सिद्वकापाती देखि नेटा खण्ड।<br>*२) प्रदेश समपुरक अनुदानः-*<br>क) फूलवारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक स्तरोन्नती रु ८० लाख अन्तरगत चिसापानी देखि सिद्वकापानी खण्ड।<br>ख) नेटा दर्लिङ्ग ह्राङ्गदी गंगरे सडक रु.७० लाख अन्तरगत फूर्सेखोला देखि दुनाम दोबाटा खण्ड।<br>*३) संघीय विशेष अनुदानः-*<br>क) बन्चितिमा परेका समुदायका लागि एकिकृत एक घर एक धारा खानेपानी आयोजना रु.६९ लाख अन्तरगत मालिका गाउँपालिकाका वडा नं.-७,५,३,६ र ४ मा रहेका बाँकी घरधुरीमा।<br>*४) प्रदेश विशेष अनुदानः-*<br>क) मालिका एक घर एक धारा खानेपानी आयोजना रु.२० लाख अन्तरगत मालिका गाउँपालिकाका वडा नं.-१ र २मा रहेका बाँकी घरधुरीमा। |
| ३. | व्यवसाय दर्ता शाखा | मालिका गाउँपालिका -४ निवासी श्री गोपाल के.सी.ले यस कार्यालयमा मालिका गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन सहित) को दफा २ को १ अनुसार अनुसूची १ तयार गरी आवश्यक कागजात सहित निर्माण कार्य गर्नको लागि आइ.सि.आर.सि.कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली. (मालिका-४ गुल्मीमा कार्यालय रहने गरी) दर्ता गरी इजाजत पत्र पाउँ भनि निवेदन दिइएकोमा व्यवसाय दर्ता शाखाबाट आवश्यक कागजात सहित उक्त निर्माण व्यवसाय दर्ताका लागि सबै प्रकृया पुरा भएको भनि राय सहित पेश हुन आएकोले उक्त निर्माण व्यवसायी यस गाउँपालिकामा दर्ता गरी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो। |
| ४. | सामाजिक सुरक्षा शाखा | तम्घास, वुटवल, काठमान्डौमा वसोवास गर्ने सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्ने सम्बन्धमा छलफल गरी चालु आ.ब. २०८२/०८३ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायोमेट्रिक मार्फत नविकरण गर्नु पर्ने भएको हुँदा गाउँपालिका क्षेत्र भन्दा वाहिर तम्घास वुटवल काठमान्डौ वसोवास गर्ने लाभग्राहीहरुको नविकरणका लागि गाउँपालिकामा आउन समस्या हुने भएको हुँदा निजहरुलाई घरदैलोबाट सेवा प्रवाह गर्ने गाउँपालिकाको उदेश्य तथा नीति अनुरुप निम्न मिति र स्थानमा गाउँपालिकाका |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | कर्मचारीहरु खटाई नविकारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।<br>निम्नः<br>१.२०८२/०५/१७-१८ वुटवलको गोलपार्क।<br>२.२०८२/०५/१९-२० त्रिपुरेश्वर काठमान्डौ।<br>३.२०८२/०५/१६ गते विहान १०-१२ वजेसम्म तम्घास गुल्मी । |
| ५. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.-३ ह्वाङ्गदीमा रहेको ह्वाङ्गदी स्वास्थ्य चौकीको टिनको छाना भएको भवन जिर्ण भएको, आ.व. २०८१/०८२ मा उक्त भवनको मर्मत गरिएको, मर्मत गर्दा छानामा नयाँ जस्तापाता लगाईएको कारण उक्त पुरानो जस्तापाता लिलाम वढावढ मार्फत विक्रि वितरणका लागि मिति २०८२/०४/०४ गतेका दिन वसेको ह्वाङ्गदी स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको वैठकले अनुमति माग गरेको सम्बन्धमा छलफल गरी ह्वाङ्गदी स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिलाई प्रचलित ऐन कानूनको परिधि भित्र रही उक्त पुराना जस्तापाता लिलाम वढावढ मार्फत विक्रि वितरणका लागि अनुमति दिने निर्णय गरियो। |
| ६. | महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा | गुल्मी जिललाका सबै स्थानीय तहका उपाध्यक्ष ज्यूहरूसँग हिन्दु नारीको महान चाड हरितालिका तिजको अवसरमा यस गाउँपालिका भित्र रहेका शिक्षा, स्वास्थ्य र वडा कार्यालयमा रहेका महिला कर्मचारीहरु, गाउँपालिकामा रहेका सवै कर्मचारीहरु र गाउँ कार्यपालिकाका सदस्यहरु लगायत सभाका महिला सदस्यहरुको उपस्थितिमा शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रम आयोजना गर्ने सम्बन्धमा छलफल गरी मालिका गाउँपालिकाको पिस पार्कमा मिति २०८२/०५/०६ गते शुक्रवारका दिन उक्त शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रमको आयोजना गर्ने निर्णय गरी सोको आवश्यक तयारीको लागि महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाका शाखा प्रमुख श्री नरेश के.सी. लाई निर्देशन दिने निर्णय गरियो। |
| ७. | रोजगार शाखा | राष्ट्रिय रोजगार कार्यक्रमको ज्याला साझेदारीको सम्बन्धमा छलफल गरी चालु आ.व.२०८२/०८३ मा यस गाउँपालिकामा सञ्चालन गरिने राष्ट्रिय रोजगार कार्यक्रमको लागि संघीय सरकारबाट रु.२७७२०००/- विनियोजन गरेको हुँदा उक्त रकम वरावर गाउँपालिकाले साझेदारी गर्नु पर्ने नीतिगत व्यवस्था बमोजिम गाउँपालिकाले रु.१३८६२२९/- र आठवटा वडाबाट तपसिल अनुसारको रकम साझेदारी गर्ने निर्णय गरियो। |

| | | | |
|---|---|---|---|
| १.नेटा | रु.१५०८०० | ५. छापहिले | रु.१५०८०० |
| २.दर्लिङ्ग | रु.२५५२२९ | ६. अर्जै | रु.२२६२०० |
| ३.ह्वाङ्गदी | रु.१८८५०० | ७. घमिर | रु.११३१०० |
| ४.अर्खावाङ्ग | रु. ११३१०० | ८. मरभुङ्ग | रु.१८८५०० |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८. | शिक्षा शाखा | मालिका गाउँपालिकाको शिक्षा ऐन,२०७५ को धारा १६ (क) मा भएको व्यवस्थालाई थप व्यवस्थित वनाउनको लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को धारा १०२(२) ले दिएको अधिकार प्रयोग गरी विधायन समितिबाट कार्यथलो अनुभव(इन्टर्नसिप) कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ स्वीकृतिको लागि पेश हुन आएकोमा सो को सम्बन्धमा छलफल गरी शिक्षाको गुणस्तर अभिवृद्धिको लागि कार्यथलो अनुभव(इन्टर्नसिप) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि कार्यविधि अत्यावश्यक भएको हुँदा कार्यथलो अनुभव(इन्टर्नसिप) कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो। |
| ९. | शिक्षा शाखा | मालिका गाउँपालिकाको शिक्षा ऐन,२०७५ को धारा १६ (क) मा भएको व्यवस्थालाई थप व्यवस्थित वनाउनको लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को धारा १०२(२) ले दिएको अधिकार प्रयोग गरी विधायन समितिबाट शिक्षण सहयोग अनुदान कार्यविधि,२०८२ स्वीकृतिको लागि पेश हुन आएकोमा सो को सम्बन्धमा छलफल गरी सामुदायिक विद्यालयमा दरवन्दी अभावमा शिक्षण सिकाइमा पर्ने प्रभावलाई न्यूनिकरण तथा समाधानका लागि शिक्षण सहयोग अनुदान उपलब्ध गराउनु पर्ने र सोको कार्यान्वयनका लागि शिक्षण सहयोग अनुदान कार्यविधि आवश्यक भएकोले शिक्षण सहयोग अनुदान कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो। |
| १०. | प्रशासन शाखा | यस गाउँपालिकामा करार सेवामा कार्यरत कार्यालय सहयोगीहरुलाई चालु आ.व.२०८१/०८२ मा मासिक रु.१७८५०/- पारिश्रमिक वापत भुक्तानी गर्ने गरिएकोमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय को मिति २०८२/०४/०१ गतेको प्रेस विज्ञप्ती अनुसार श्रम ऐन,२०७४ को दफा १०६ को उपदफा १ अनुसार प्रत्येक दुइ वर्षमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा न्यूनतम पारिश्रमिक निर्धारण गर्ने व्यवस्था बमोजिम २०८२ साल श्रावण १ गतेदेखि लागू हुने गरी मा.मन्त्रीस्तरको निर्णयानुसार न्यूनतम मासिक पारिश्रमिक रु.१९५५०/- निर्धारण भएकोले यस गाउँपालिकामा कार्यरत करार सेवाका कार्यालय सहयोगीहरुको मासिक तलव रु.१९५५०/- कायम गरी सोही अनुसार भुक्तानी दिने निर्णय गरियो। |
| ११. | लेखा शाखा | यस गाउँपालिकामा कार्यरत उद्यम विकास सहजकर्ता श्री सुमित्रा के.सी. को आ.ब.२०८१/०८२ अन्तरगत जेठ असार महिनाको मासिक तलव भत्ता भूलवस भुक्तानी नभएको हुँदा उक्त दुइ महिनाको तलव भत्ता वापतको रकम चालु आ.ब.२०८२/०८३ मा संघीय सशर्त अनुदान अन्तरगत विनियोजित रकमबाट |

मालिका गाउँपालिका गाउँपालिकाको कार्यालय, अर्घाखाँची, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | २५ | विर वहादुर घर्ती | ९८६९२६२६८४ | ७०० |
| | | २६ | हिमा घर्ती | ९८४१५३१२४४ | ७०० |
| | | २७ | डिल्लिराज भट्टराई | ९८४७१६६३९६ | ७०० |
| | | २८ | शोभिराम कामी | ९८६०५५१६६९ | १००० |
| | | २९ | विष्णु बहादुर घर्ती | ९८६९९३०२२४ | ७०० |
| | | ३० | प्रेम वहादुर घर्ती | ९८४९५८९३९५ | ७०० |
| | | ३१ | कमल पौडेल | ९८४७८३८७७४ | ७०० |
| | | ३२ | मन्जु सेजाल | ९८६६५६४६१५ | ७०० |
| | | ३३ | योगेन्द्रराज भट्ट | ९८४८७०८५६२ | १५०० |
| | | ३४ | रन्जु कुमारी अधिकारी | ९८१२१२९६१६ | १५०० |
| | | ३५ | लोकेश कुमार थापा | ९८४९३२७५८४ | १५०० |
| | | ३६ | वेगम घर्ति मगर | ९८४१५९१५५७ | १५०० |
| | | ३७ | पुनाराम घिमिरे | ९८४४७९१७०७ | १५०० |
| | | ३८ | वावुराम पोखरेल | ९७६६६४३४३० | २००० |
| | | ३९ | भुमिश्वर गौतम | ९८४७३७५५०१ | २००० |

| | | |
|---|---|---|
| १४. | योजना शाखा | आ.ब.२०८२/०८३ अन्तरगत श्रावण भाद्र महिनामा सिमलटारी दघास मैदान अर्खावाङ्ग मो.बा. अधिक वर्षादको कारण विग्रेको, सापखोला भन्ने स्थानमा ठूलो पहिरो गएको र सो पहिरो हटाउन तथा विग्रेको बाटोको मर्मत संभार कार्यको लागि प्राविधिक लागत अनुमान तयार गरी सोही अनुसार निर्माण व्यवसायीलाई उक्त मो.बा सखार, मर्मत संभार र पहिरो हटाउन लगाउने, प्राविधिक मूल्याङ्कन बमोजिमको रकम विपद व्यवस्थापन कोषबाट भुक्तानीको व्यवस्था मिलाउने गरी कार्य अगाडी वढाउनको लागि योजना/प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| १५. | जिन्सी शाखा | यस गाउँपालिकाका उपाध्यक्ष र कार्यालय प्रमुखले प्रयोग गर्दै आएको ल्यापटप र ३ नं. वडा कार्यालय र गाउँपालिकामा प्रिन्टर लगायतका आवश्यक सामग्रीहरु विग्रेको कारण प्रयोग गर्न नमिल्ने भएको तर सम्बन्धित शिर्षकमा रकम विनियोजन नभएको कारण खरिदमा समस्या भएकोले हिउँदे अधिवेशनबाट करार सेवा, परामर्श पारिश्रमिक शिर्षकमा विनियोजित रकमबाट ल्यापटप प्रिन्टर मोवाइल तथा कार्यालय सञ्चालन सम्बन्धी अन्य मेसिनरी उपकरण खरिद शिर्षकमा रु.५ लाख रकमान्तर गर्ने गरी हाललाई श्रोत सुनिश्चित गरी कार्यालयको लागि अत्यावश्यक २ थान ल्यापटप, ३ थान प्रिन्टर र अन्य आवश्यक सामग्री कोटेशन विधिबाट खरिद गर्ने निर्णय गरी सूचना तथा प्रविधि शाखा प्रमुखलाई उक्त कार्यको लागि निर्देशन दिने निर्णय गरियो। |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १६.. | विपद शाखा | मालिका गाउँपालिकाको वडा नं.-७ घमिरमा अधिक वर्षादको कारण पहिरो तथा भल पसेर तपसिलका सडकहरु बिग्रेको कारण यातायातका साधनहरु (एम्बुलेन्स, दैनिक भाडाका सवारी साधनहरु,सामान ढुवानी गर्ने सवारी साधनहरु) सञ्चालनमा समस्या भएको, पहिरो हटाउन तथा ग्रावेल बिच्छाउनको लागि विपद व्यवस्थापनमा वडामा रकम विनियोजन नभएको कारण उक्त सडकहरु सुचारु गर्न समस्या भएकोले सडकहरु मर्मत संभारको लागि लागत अनुमान तयार गर्न प्राविधिक खटाउने, प्राविधिकको सल्लाह, सुझाव र लागत अनुमानको परिधि भित्र रही स्थानीय निर्माण व्यवसायीका साधनहरु प्रयोग गरी तोकिएको कार्य सम्पादन गर्नको लागि वडा सचिवलाई कार्यादेश दिने निर्णय गर्नुको साथै उक्त कार्यमा भएको रकमको भुक्तानी गाउँपालिकाको विपद व्यवस्थापन कोषमा भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो। |
| १७ | प्रशासन शाखा | गाउँकार्यपालिका वैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल गरी अघिल्लो गाउँ कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषनक रहेको सम्बन्धमा निर्णय गरियो। |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत